# एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर

२०७७

# <u>एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७</u>

**स्वीकृत मिति: २०७७।०८।२२**

**<u>प्रस्तावना:</u>** प्रदेश सरकारको नीति अनुसार गुणस्तरीय शिक्षाको लागि सार्वजनिक शिक्षाको सवलीकरण, शैक्षिक रुपान्तरण, नवप्रवर्तन र उद्यमशीलता विकास गरी शैक्षिक संस्था मार्फत सामाजिक रुपान्तरणबाट समृद्ध नेपाल र सुखी नेपाली अभियानमा टेवा पुर्याउन प्रदेश सरकारको कार्यक्रमअन्तर्गत एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम र सङ्घीय सरकारको सर्शत रुपमा प्रदेश सरकारलाई हस्तान्तरण भई आएको एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने उद्देश्यले सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “उद्यम कोष” भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागु भएका शैक्षिक संस्थामा उद्यम सञ्चालनका लागि स्थापित कोष सम्झनु पर्दछ ।

(ख) “उद्यम कोष सञ्चालक समिति” भन्नाले उद्यम कोष सञ्चालन गर्ने समितिलाई सम्झनु पर्दछ ।

(ग) “एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम” भन्नाले प्रदेश सरकारद्वारा सामुदायिक माध्यमिक विद्यालय र शिक्षालयहरुमा उद्यम प्रवर्द्धन मार्फत उद्यमशीलता विकासका लागि सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

(घ) “पूर्व विद्यार्थी मञ्च” भन्नाले विगतमा सम्बन्धित शैक्षिक संस्थामा अध्ययन गरी हाल विभिन्न निकाय तथा क्षेत्रमा रहेका विद्यार्थीहरुबाट गठन भएको मञ्च सम्झनु पर्दछ ।

(ङ) “मन्त्रालय” भन्नाले प्रदेश सरकार अन्तर्गत रहेको सामाजिक विकास मन्त्रालय सम्झनु पर्दछ ।

(च) “शैक्षिक संस्था” भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागु भएका शैक्षिक संस्था सम्झनु पर्दछ। जस अन्तर्गत प्रदेशभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालय वा शिक्षालय हुनेछन् ।

(छ) "संरक्षक समिति" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षणका लागि गठित समिति सम्झनु पर्दछ ।

(ज) "साझेदार संस्था" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनु पर्दछ ।

(झ) "विद्यार्थी उद्यमी क्लब" भन्नाले एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम संचालनका लागि गठन गरिएको विद्यार्थी उद्यमी क्लब सम्झनु पर्दछ ।

(ञ) "विद्यार्थी कल्याणका कार्यक्रम" भन्नाले विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने विद्यार्थी प्रोत्साहनका कार्यक्रमलाई सम्झनु पदर्छ।

(ट) "विज्ञ" भन्नाले सम्बन्धित विषयमा ज्ञान, सीप, अनुभव र दक्षता भएको ब्यक्ति सम्झनु पर्दछ।

**३. उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) शैक्षिक संस्था मार्फत आर्थिक, सामाजिक रुपान्तरण गर्नु,

(ख) शैक्षिक संस्थालाई उद्यम गर्ने सिकाई स्थलको रुपमा विकास गर्नु,

(ग) सार्वजनिक शिक्षामा गुणस्तर, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरी शैक्षिक रुपान्तरण गर्नु,

(घ) सार्वजनिक शिक्षाको सवलीकरण गर्नु ।

**४. लक्षित शैक्षिक संस्थाः** प्रदेशमा अवस्थित सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालय र शिक्षालयहरु लक्षित शैक्षिक संस्था हुनेछन् । प्राविधिक धार लागु भएका शैक्षिक संस्थालाई विशेष प्राथमिकता दिईनेछ ।

**५. उद्यम क्षेत्रः** शैक्षिक संस्थाले उद्यम गर्न सकिने व्यावसायिक क्षेत्रहरु देहाय बमोजिम रहनेछन्:-

(क) कृषि तथा पशुपञ्छीमा आधारित उद्यम व्यवसाय,

(ख) बन (जडिबुटी बनपैदावार) मा आधारित उद्यम व्यवसाय,

(ग) विज्ञान तथा सूचना प्रविधि र सञ्चारमा आधारित उद्यम व्यवसाय,

(घ) पर्यटन प्रवर्द्धन (होटल, होमस्टे, रिसोर्ट) मा आधारित उद्यम व्यवसाय,

(ङ) निर्माणमा आधारित उद्यम व्यवसाय,

(च) कलामा आधारित उद्यम व्यवसाय,

(छ) संस्कृति, साहित्य सृजना, गीत संगीतमा आधारित भई गरिने उद्यम व्यवसाय,

(ज) विद्यालयले आवश्यकता महसुस गरी छनोट गरिने अन्य उद्यम व्यवसाय।

६. **<u>विद्यार्थी उद्यमी क्लब</u>:** एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लागु गरिएका विद्यालयमा कक्षा ९, १०, ११ र १२ मा अध्ययनरत छात्र तथा छात्रा तर्फको प्रथम विद्यार्थी तथा विद्यालयले तोकेका अन्य ७ जना विद्यार्थी सम्मिलित १५ सदस्यीय विद्यार्थी उद्यमी क्लब रहनेछन् । जसको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने,

(ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालनको लागि सरोकारवालाहरुसँग सहकार्य, समन्वय र साझेदारी गर्ने,

(ग) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लागि उपयुक्त उद्यम छनोट गर्ने,

(घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको कार्ययोजना बनाइ लागु गर्ने,

(ङ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको प्रोफाइल बनाइ अभिलेख अद्यावधिक गर्ने,

(च) कम्तिमा महिनाको एक पटक अभिभावकहरुलाई सम्बन्धित उद्यमको विषयमा अभिमुखीकरण गर्ने,

(छ) उद्यम कोषबाट थप उद्यम विस्तार, उद्यमशिलता विकास तथा विद्यार्थी कल्याणका कार्यक्रम गर्ने ।

७. **<u>उद्यम कोषको सञ्चालन</u>**: (१) उद्यम कोष सञ्चालनका लागि देहाय बमोजिमको उद्यम कोष सञ्चालक समिति रहनेछ:

(क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष -अध्यक्ष

(ख) विद्यार्थी उद्यमी क्लबका अध्यक्ष -सदस्य

(ग) विद्यालयको प्रधानाध्यापक -सदस्य-सचिव

(२) उद्यम कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) उद्यम कोष सञ्चालन, रकम परिचालन र लेखाङ्कन गर्ने,

(ख) उद्यम कोषको आम्दानीबाट विद्यार्थी कल्याणका कार्यक्रम गर्न ३० प्रतिशतमा नबढ्ने गरी रकम निकासा गर्ने,

(ग) उद्यम कोषको विस्तार, संरक्षण, सम्वर्द्धन गर्ने,

(घ) उद्यम कोषमा जम्मा भएको रकमको उच्चतम सदुपयोग गर्ने,

(ङ) अन्य आवश्यक कामहरु गर्ने, गराउने ।

(३) उद्यम कोषमा यस कार्यविधि बमोजिम प्रदेश सरकार/मन्त्रालयबाट शैक्षिक संस्थालाई प्राप्त हुने रकमका अतिरिक्त देहायका रकम जम्मा गर्नु पर्नेछ:-

(क) शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुबाट उद्यम गर्न बार्षिक रुपमा संकलित रकम,

(ख) उद्यमबाट प्राप्त आम्दानी,

(ग) पूर्व विद्यार्थी मञ्चबाट उद्यम सञ्चालनार्थ स्वेच्छिक रुपमा प्राप्त रकम,

(घ) सम्बन्धित स्थानीय तहबाट प्राप्त रकम,

(ङ) अन्य व्यक्ति संघसंस्थाबाट अनुदान स्वरुप प्राप्त रकम ।

(४) उद्यम कोषबाट देहायनुसार खर्च गर्न सकिनेछ:

(क) उद्यम कोषको सम्पूर्ण आम्दानी उद्यम सञ्चालन, विस्तार तथा प्रवर्द्धनमा खर्च गर्नु पर्नेछ। उद्यम कोषको खाता प्रधानाध्यापक र लेखा सम्वन्धी काम गर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(ख) उद्यम कोषको आम्दानीको ३० प्रतिशतमा नबढने गरी विद्यार्थी कल्याणका कार्यक्रममा खर्च गर्न सकिनेछ।

(ग) विद्यार्थी कल्याण कार्यक्रम अन्तर्गत आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका दलित, जनजाती, अपाङ्ग, अनाथ, विपन्न, जेहेन्दार तथा उद्यम कोषले आवश्यक ठानेका बालबालिकाहरुलाई छात्रवृत्ति, स्टेसनरी, शैक्षिक सामग्री, दिवाखाजा लगायतका शैक्षिक सहायताका कार्यक्रमहरु पर्दछन् ।

८) **<u>संरक्षक समितिको गठनः</u>** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको संरक्षकका रुपमा देहायनुसार एक संरक्षक समिति रहनेछः-

(क) सम्बन्धित स्थानीय तहका प्रमुख -संयोजक

(ख) विद्यालय रहेको वडाको वडाध्यक्ष -सदस्य

(ग) विद्यालयको प्रध्यानाध्यापक -सदस्य-सचिव

(२) संरक्षक समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः-

(क) अभिभावकहरुलाई कार्यक्रमको विषयमा अभिमुखीकरण गरी उद्यम कोषमा रकम जुटाउने,

(ख) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई आवश्यक पर्ने सहयोग जुटाउने,

(ग) विद्यार्थी उद्यमी क्लबलाई उद्यम सञ्चालनको लागि सबै प्रकारको सहजीकरण, क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने गराउने,

(घ) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको समग्र अनुगमन, मूल्याङ्कन तथा उद्यम प्रोफाइल तयार गरी सम्बन्धित निकायमा पेश गर्न लगाउने ।

९. **शैक्षिक संस्था छनोटका न्यूनतम आधारहरुः** (१) दफा ५ मा उल्लेखित उद्यम क्षेत्रहरू मध्ये कुनै एक क्षेत्रमा कार्य गर्न इच्छुक शैक्षिक संस्थालाई उद्यम सञ्चालन गर्नका लागि देहायका छनोटका आधारहरु निर्धारण गरिएको छ । विद्यालयले उद्यम कोषमा मन्त्रालयबाट प्राप्त हुने मूल पूँजी लगानी गरी आगामी पाँच वर्षभित्र (प्रथम वर्ष कुल पूँजीको १० प्रतिशत, दोस्रो वर्ष २० प्रतिशत, तेस्रो वर्ष २० प्रतिशत, चोथौ वर्ष २५ प्रतिशत र पाँचौ वर्षमा २५ प्रतिशत) उक्त पूँजी कोषमा नै जम्मा गर्नुपर्नेछ ।

(क) शैक्षिक उपलव्धि, पूर्वाधार, आर्थिक अवस्था, जनशक्तिको अवस्था र वातावरणीय पूर्वाधार पुरा गरेको,

(ख) विद्यालयले पेश गरेको व्यवसायिक परियोजना प्रस्ताव,

(ग) उद्यम सञ्चालनका लागि विद्यालय व्यवस्थापन समिति तथा सम्बन्धित पालिकाको प्रतिबद्धता पत्र,

(घ) उद्यम कोष स्थापना भएको,

(ङ) पूर्व विद्यार्थी मञ्च र पूर्व विद्यार्थी क्लबको गठन भएको ।

**(२) शैक्षिक संस्था मूल्याङ्कनका आधारहरूः-**

| क्र.स. | मूल्याङ्कनका आधारहरु | अङ्क |
|---|---|---|
| १ | उद्यम परियोजना प्रस्ताव<br>सन्तोषजनक - ३० सम्म<br>राम्रो - ३२ देखि ३५ सम्म<br>उत्तम - ३६ देखि ४० सम्म | ४० |
| २ | उद्यम कोष स्थापना भएको | १५ |
| ३ | उद्यमी विद्यार्थी क्लबको गठन | १५ |
| ४ | पूर्व विद्यार्थी मञ्च गठन | १० |
| ५ | सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धार/शिक्षालय भएमा | ५ |
| ६ | विद्यालय व्यवस्थापन समिति र सम्बन्धित पालिकाको प्रतिवद्धतापत्र | १५ |
| | जम्मा | १०० |

१०. **सूचना प्रकाशनः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा सहभागिताका लागि मन्त्रालयले इच्छुक शैक्षिक संस्थाहरुको जानकारीका लागि २१ दिनको सार्वजनिक सूचना मन्त्रालयको वेभसाइट र सूचनापाटीमा प्रकाशन गर्नेछ। निवेदन र व्यवसायिक योजनाको ढाँचा कार्यविधिको अनुसूची १ र २ बमोजिम हुनेछ। उक्त सूचनाको जानकारी सवै जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईलाई समेत उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशित भएपछि प्रदेश भित्रका सामुदायिक माध्यमिक विद्यालय वा सामुदायिक माध्यमिक विद्यालयमा प्राविधिक धार/शिक्षालय सञ्चालन भएका ईच्छुक विद्यालयले आवश्यक कागजात संलग्न राखी निवेदन दिन चाहेमा सोही सूचनामा उल्लेखित म्यादभित्र मन्त्रालयले तोकेको ढाँचा तथा स्थानमा निवेदन दिनुपर्नेछ।

(३) शैक्षिक संस्था छनोट समितिः मन्त्रालयमा प्राप्त भएका निवेदन र व्यवसायिक योजना मूल्याङ्कन गरी छनोट गर्न तथा शैक्षिक संस्थालाई पुरस्कारका लागि सिफारिस गर्न देहायको छनोट तथा सिफारिस समिति रहनेछ:

(क) प्रमुख, युवा तथा खेलकुद महाशाखा – संयोजक
(ख) अधिकृत प्रतिनिधि, शिक्षा विकास निर्देशानलय – सदस्य
(ग) अधिकृत प्रतिनिधि, प्रदेश CTEVT को कार्यालय – सदस्य
(घ) लेखा अधिकृत, आर्थिक प्रशासन शाखा – सदस्य
(ङ) युवा तथा खेलकुद शाखाको शाखा अधिकृत – सदस्य सचिव

(४) शैक्षिक संस्था छनोट समितिले सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालयको प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

(५) शैक्षिक संस्था छनोट समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। वैठक व्यवस्थापन सम्वन्धी खर्च मन्त्रालयबाट निर्णय भए बमोजिम हुनेछ ।

(६) शैक्षिक संस्था छनोट समितिले प्राप्त उद्यम परियोजना प्रस्ताव उपर आवश्यक छानविन गरी उत्कृष्ट एक प्रस्ताव सिफारिस गर्नुपर्नेछ ।

(७) दफा १५ बमोजिम शैक्षिक संस्थालाई पुरस्कृत गर्न मूल्याङ्कन गरी सिफारिस गर्नुपर्नेछ ।

११. **उद्यम सम्झौताः** (१) शैक्षिक संस्था छनोट समितिबाट छनोट भएका शैक्षिक संस्थाको प्रमुख र मन्त्रालयले तोकेको अधिकृतबीच अनुसूची- ३ को ढाँचामा द्विपक्षीय सम्झौता हुनेछ ।

(२) शैक्षिक संस्थाको उद्यम क्षेत्र, उद्यम सञ्चालन गर्न सक्ने क्षमता, रकम र जनशक्ति लगायतका आधारमा विद्यालयको प्रस्ताव हेरी प्रदेश सरकारको कार्यक्रमबाट प्रति विद्यालय बढीमा रु. ७ लाख सम्म र संघीय सशर्त कार्यक्रमको हकमा बढीमा रु. ५ लाख सम्म एकमुष्ठ अनुदान प्रदान गर्न सकिनेछ ।

(३) एक विद्यालयले प्रदेश सरकार वा संघको सशर्त कार्यक्रममध्ये कुनै एक कार्यक्रम मात्र प्राप्त गर्न सक्नेछ।

(४) सम्झौताको तीन प्रति तयार गरी एक प्रति सम्वन्धित शैक्षिक संस्थामा, एक प्रति सम्बन्धित पालिकामा र एक प्रति मन्त्रालयमा रहनेछ ।

१२. **प्रतिवेदनः** (१) शैक्षिक संस्थाले मन्त्रालयसँग एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम सञ्चालन गर्न गरेको सम्झौता भएको एक महिनाभित्र प्रारम्भिक प्रतिवेदन सम्बन्धित स्थानीय तह तथा मन्त्रालयमा पेश गर्नु पर्नेछ । त्यस पछि मन्त्रालयले तोकेबमोजिमको ढाँचामा चौमासिक रुपमा वित्तीय र भौतिक प्रगति सम्बन्धित स्थानीय तह तथा मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. **लेखा परीक्षणः** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमको लेखा प्रणाली नेपाल सरकारले तोकेको ढाँचामा राख्नु पर्नेछ ।

(२) उद्यमको आर्थिक कारोवारको लेखा परीक्षण शैक्षिक संस्था/विद्यालयको अन्य खर्चको लेखापरीक्षण प्रणाली अनुसार नै गराउनु पर्नेछ । यसरी लेखा परीक्षण गराउँदा कार्यक्रम तर्फको नतिजा शृङ्खला (प्रतिफल, उपलब्धी, प्रभाव) का सूचकहरुका आधारमा प्रगति (गुणात्मक, परिमाणात्मक) विश्लेषण अनिवार्य रुपमा गर्नु पर्नेछ ।

(३) लेखा परीक्षकको प्रतिवेदनलाई सार्वजनिक गर्ने दायित्व सम्वन्धित शैक्षिक संस्थाको हुनेछ।

(४) शैक्षिक संस्थाले लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित स्थानीय तहको कार्यालय तथा मन्त्रालयमा पठाउनु पर्नेछ।

१४. **अनुगमन तथा मूल्याङ्कनः** (१) स्थानीय तहमा सम्बन्धित अभिभावक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र सम्बन्धित स्थानीय तह तथा सम्बन्धित वडा स्तरवाट समेत अनुगमन गरिनेछ ।

(२) मन्त्रालयले अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

(३) केन्द्रीय निकाय तथा अन्य सरोकारवाला निकायले अनुगमन, निरीक्षण गरी पृष्ठपोषण एवं सुझाव दिन सक्नेछ ।

**१५. <u>पुरस्कारः</u>** (१) मन्त्रालयले आगामी दिनमा एक शैक्षिक संस्था एक उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन निम्न सूचकका आधारमा उच्चतम अङ्क हासिल गर्ने शैक्षिक संस्थालाई रु. ५० हजार नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्न सक्नेछः-

(क) अधिकतम रोजगार सिर्जना गर्ने,

(ख) स्थानीय स्रोत र साधनको अधिकतम प्रयोग गर्ने,

(ग) निर्यातमा वृद्धि र आयातमा प्रतिस्थापन योगदान पुर्याएको,

(घ) उत्पादन गरिएका सामग्रीहरुको गुणस्तर कायम भएको,

(ङ) उद्यममार्फत शैक्षिक रुपान्तरण, नवप्रवर्तन तथा उद्यमशिलता विकास गरेको,

(च) अभिभावक, स्थानीय समुदाय तथा क्षेत्रमा सकारात्मक प्रभाव पारेको,

(छ) शैक्षिक संस्थाको आयमा भएको वृद्धिको अवस्था,

(ज) कार्ययोजना अनुसार कार्य सम्पादन गरेको आदि।

**१६. <u>कारवाहीः</u>** (१) एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा छनोट भएको शैक्षिक संस्थाले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता शैक्षिक संस्थालाई मन्त्रालयवाट सञ्चालन गरिने कार्यक्रमहरुमा सहभागी गराईने छैन ।

(२) शैक्षिक संस्थासँग सम्झौता भईसकेपछि सम्झौता अनुसार कार्य सम्पन्न नगरेमा तथा मन्त्रालयबाट दिइएको वजेट हिनामिना गरेमा अनुसूची -४ बमोजिमको प्रतिबद्धता पत्रका आधारमा उक्त शैक्षिक संस्थावाट क्षतिपूर्ति समेत भराई प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरिनेछ।

**१७. <u>कर्तव्य हुनेः</u>** यस कार्यविधि बमोजिम एक शैक्षिक संस्था एक उद्यम कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित शैक्षिक संस्थाको कर्तव्य हुनेछ ।

**१८. <u>निर्देशनको पालनाः</u>** संघ, प्रदेश तथा स्थानीय सरकारले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

**१९. <u>यसै कार्यविधि बमोजिम सञ्चालन गरिने</u>**: प्रदेश सरकार र संघीय सशर्त अनुदान कार्यक्रम अनुसार सञ्चालन गरिने एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम लगायत यस्तै प्रकारका वार्षिक रुपमा यस मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रम यसै कार्यविधि बमोजिम सञ्चालन गर्न सकिनेछ ।

अनुसूची -१

(कार्यविधिको दफा १० सँग सम्बन्धित)

**<u>निवेदनको ढाँचा</u>**

मितिः

श्रीमान् सचिवज्यू
सामाजिक विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

बिषयः **एक शिक्षालय/विद्यालय (शैक्षिक संस्था) एक उद्यम** कार्यक्रमका लागि निवेदन पेश गरिएको सम्बन्धमा ।

महोदय,

तहाँको मिति २०७.../ ... /..... को सार्वजनिक सूचना अनुसार **एक शैक्षिक संस्था एक उद्यम कार्यक्रम** सञ्चालनका लागि व्यावसायिक योजना र आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

प्रधानाध्यापक

श्री विद्यालय/शिक्षालय

अनुसूची -२

(कार्यविधिको दफा १० सँग सम्बन्धित)

## विद्यालयले गर्ने उद्यमको व्यवसायिक योजनाको ढाँचा

### विद्यालयको संक्षिप्त परिचय

१. विद्यालयको नाम:

२. जिल्लाः

३. पालिकाः

४. कुल विद्यार्थी सङ्ख्याः

५. प्राविधिक विषयतर्फ सञ्चालित कार्यक्रमः

६. प्राविधिक तर्फका विद्यार्थी सङ्ख्या:

७. कार्यरत जनशक्तिको विवरण:

८. विद्यालयको जग्गाको विवरण:

### व्यवसायिक योजनाको ढाँचा

१. उद्यमको क्षेत्र/कार्यक्रमको नामः

२. कार्यक्रमको दीर्घकालीन उद्देश्यः

३. अवधिः

४. प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

५. उद्धेश्य प्राप्तिका लागि संचालन गरिने क्रियाकलापहरुको विवरणः

६. स्रोत र साधन:

(क) विद्यालय/स्थानीय तहको साझेदारी

(ख) अन्य निकायको साझेदारी

७. अपेक्षित उपलब्धि

८. जोखिमहरु:

९. कार्यक्रम कार्यान्वयन कार्ययोजना:

## अनुसुची -३

(कार्यविधिको दफा ११ सँग सम्बन्धित)

सम्झौतापत्रको ढाँचा

**सामाजिक विकास मन्त्रालय र कार्यक्रम सञ्चालन गर्ने विद्यालयबीच भएको सम्झौतापत्र**

आज मिति ............................का दिन....................श्री माध्यमिक विद्यालय (यसपछि दोस्रो पक्ष भनिएको) र सामाजिक विकास मन्त्रालय, वागमती प्रदेश, हेटौंडा (यसपछि प्रथम पक्ष भनिएको) बीच देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही एक शैक्षिक संस्था एक उद्यम सञ्चालन गर्नका लागि सहमति कायम गरी यो दुईपक्षीय सम्झौता गरिएको छ ।

सम्झौताका शर्तहरुः

१. कार्यक्रम सञ्चालनको क्रममा दोस्रो पक्षले "एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" मा भएका व्यवस्थाहरुको पूर्ण पालना गर्नु गराउनु पर्नेछ ।

२. प्रथम पक्षद्वारा प्रदान गरिएको अनुदान माग गरेको शीर्षकमा नै खर्च गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

३. कार्यक्रम सञ्चालनको क्रममा प्रथम पक्षले दोस्रो पक्षको अनुगमन गर्न सक्नेछ ।

४. अनुदान रकमको दुरुपयोग हुन नदिनको लागि दोस्रो पक्षले आवश्यक व्यवस्था मिलाउने र प्रथम पक्षले त्यसमा आवश्यक सहयोग गर्नेछ ।

५. कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा कुनै समस्या देखा परेमा दुवै पक्षबीच सहमति कायम गरी यस सम्झौता पत्रमा आवश्यक परिमार्जन गर्न सकिनेछ । दोस्रो पक्षले चौमासिक रुपमा प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

६. प्रथम पक्षले दोस्रो पक्षलाई एकमुष्ठ रु. ...............(अक्षरुपी ........... मात्र) विद्यालय उद्यम कोषको लागि उपलब्ध गराउनेछ । उपलब्ध गराएको रकममा मूल पूँजीमा नघटने गरी दोस्रो पक्षले उद्यम सञ्चालन, विस्तार तथा प्रवर्धनमा उच्चतम उपयोग हुने गरी खर्च गर्नुपर्नेछ । उक्त रकम आगामी पाँच वर्ष भित्र कोषमा जम्मा गर्नु पर्नेछ ।

७. यस सम्झौतापत्रमा उल्लेख नभएका विषयमा **"एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७"** बमोजिम हुनेछ ।

| प्रथम पक्षबाट | दोस्रो पक्षबाट |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| छापः | छापः |

## अनुसुची -४

(दफा १६(२) सँग सम्बन्धित)

**<u>प्रतिबद्धता पत्र</u>**

सामाजिक विकास मन्त्रालयबाट "**एक शैक्षिक संस्था (विद्यालय/शिक्षालय) एक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७७**" बमोजिम अनुदानका लागि इच्छुक भई आवेदन पेश गरिएको छ । उक्त कार्यक्रमका लागि छनोट भएमा पेश गरिएको व्यावसायिक योजनामा उल्लेख भए बमोजिम कार्य गर्नेछौं। प्रस्तावित कार्ययोजना बमोजिम कार्य नगरेमा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशबाट प्राप्त अनुदान रकम प्रचलित व्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । यसमा लेखिए बमोजिम नभएमा कानुन बमोजिम सहुँला/बुझाउँला ।

अनुदानग्राहीको तर्फबाट

नामः

पदः

विद्यालयको नामः

ठेगानाः

सम्पर्क नः

दस्तखतः

मितिः

विद्यालयको छापः